नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

(...............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकस: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: (अनुमतिपत्र) ०८०/८१

चलनी नं.:- ६४८

मिति: २०८०/११/०९

विषय: माथिल्लो जुनबेशी खोला र दुधकुण्ड खोला जलविद्युत आयोजनाको १३२ के.भी. संयुक्त विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे ।

श्री गोर्खाज हिमालयन हाइड्रो लि.,
काठमाडौं ।
सम्पर्क फोन नं. ०१-४२६४५४६

प्रस्तुत विषयमा तँहाबाट माथिल्लो जुनबेशी खोला र दुधकुण्ड खोला जलविद्युत आयोजनाको १३२ के.भी. संयुक्त विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले ३५(पैंतिस) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८०/११/०४को निर्णयानुसार जानकारी गराईन्छ ।

तपशिल:

१. विद्युत नियमावली २०५० को नियम ५ अनुसूची ३ बमोजिमको ढाँचामा दरखास्त ।
२. संचालक समितिको बैठकको निर्णयपत्र सहितको अख्तियारीनामा पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. ।
३. विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र(दुई वर्ष)को लागि आवश्यक थप दस्तुर रु २०,०००/- (अक्षरुपी बीस हजार मात्र) जम्मा गरि विभागमा दाखिला गरेको आम्दानी रसिदको सक्कल प्रति ।
४. प्रस्तुत ३३ के.भी., २५ कि.मी. विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Voltage Selection, Conductor selection, Power loss, Voltage Regulation, Efficiency etc.)सहितको डेस्क स्टडी प्रतिवेदन तथा सोको Route Alignmentको.kml file| साथै सिङ्गल र डबल सर्किट प्रसारण लाइनको लम्बाई र कुन-कुन गाउँपालिका/नगरपालिका हुँदै जाने व्यहोरा स्पष्ट हुने गरी उल्लेख गर्नुहुन ।
५. प्रवर्द्धक श्री गोर्खाज हिमालयन हाइड्रो लि. र श्री नुम्बुर दुधकुण्ड हाइड्रोपावर प्रा.लि. बीच संयुक्त प्रसारण लाईन बनाउन भएको सम्झौता पत्र ।
६. संयुक्त प्रसारण लाईन बनाउन भएको सम्बन्धित कम्पनीहरुको संचालक समितिको बैठकको निर्णय ।
७. कम्पनीको नाम श्री गोर्खाज हिमालयन हाइड्रो प्रा. लि. बाट श्री गोर्खाज हिमालयन हाइड्रो लि. मा परिवर्तन भएको बारेमा यस विभागमा जानकारी गराएको पत्र ।
८. माथिल्लो जुनबेशी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको प्रतिलिपि ।

..........................

(कर्सन महर्जन)

इलेक्ट्रिकल इन्जिनियर

email id: karshanmaharjan017@gmail.com